# आर्थिक वर्ष २०७७/०७८

## तेस्रो नगर कार्यपालिका बैठकका निर्णयहरु

## मितिः २०७७ माघ १५ गते

## प्रस्तावहरू

उल्लेखित प्रस्तावहरूमाथि छलफल गरी प्रस्तावगत देहायअनुसारका निर्यणहरू गरियो। ........ 3

१. शिक्षातर्फको कार्यक्रम वितरण सम्बन्धमा। ........ 3

२. सूचीकृत बेरोजगारहरूको विवरण सम्बन्धमा। ........ 4

३. बाख्राको पकेट क्षेत्र निर्धारण सम्बन्धमा ........ 4

४. करार कर्मचारीको म्याद थप सम्बन्धमा। ........ 4

५. कोभिड-१९ खोप व्यवस्थित गर्ने सम्बन्धमा। ........ 8

६. जिल्ला प्रशासन कार्यालय लमजुङको परिसरमा निर्मित पालिका स्तम्भ पार्क निर्माणको खर्च भुक्तानी सम्बन्धमा। ........ 8

७. मध्यपहाडी लोकमार्गको निर्माण व्यवसायीबाट स्थापित क्रसर प्लान्टलाई नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा। ........ 9

८. योजनाको रकमान्तर सम्बन्धमा ........ 9

९. योजना सम्झौताको समयावधि सम्बन्धमा। ........ 10

१०. संघ संस्थाको सामुदायिक भवन निर्माणस्थल सम्बन्धमा । ........ 10

११. करार पदपूर्ति सम्बन्धमा। ........ 10

१२. शहरी स्वास्थ्य केन्द्र सम्बन्धमा। ........ 11

१३. विद्यार्थी पोशाक वितरण सम्बन्धमा। ........ 11

१४. आरन सुधार कार्यक्रम सम्बन्धमा। ........ 11

उल्लेखित प्रस्तावहरूमाथि छलफल गरी प्रस्तावगत देहायअनुसारका निर्यणहरू गरियो।

१. शिक्षातर्फको कार्यक्रम वितरण सम्बन्धमा।

निर्णय नं१:

आ.ब. २०७७/७८ मा सशर्त अनुदान अन्तर्गत प्राप्त देहायका कार्यक्रमहरु देहायका विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो।

| | |
|---|---|
| माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान-२ | |
| १ | श्री सम्झना माध्यमिक विद्यालय, मध्यनेपाल ५ |
| २ | श्री डढुवा दुर्छा माध्यमिक विद्यालय, मध्यनेपाल ८ |
| गणित,विज्ञान तथा अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदान-४ | |
| १ | श्री मङ्गला माध्यमिक विद्यालय, मध्यनेपाल ३ |
| २ | श्री गणेश मालिका माध्यमिक विद्यालय, मध्यनेपाल १० |
| ३ | श्री बालविकास माध्यमिक विद्यालय, मध्यनेपाल २ |
| ४ | श्री सप्तधारा माध्यमिक विद्यालय, मध्यनेपाल १ |
| उच्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण अनुदान -१ | |
| १ | श्री सिद्ध प्राथमिक विद्यालय, मध्यनेपाल ६ |
| विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान -३ | |
| १ | श्री लक्ष्मी प्राथमिक विद्यालय, मध्यनेपाल ७ |
| २ | श्री करापुकल्याण मजुवा आ वि, मध्यनेपाल ८ |
| ३ | श्री जनमन्दिर माध्यमिक विद्यालय, मध्यनेपाल ७ |
| शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयन अनुदान सवै सामुदायिक विद्यालयहरुलाई प्रति विद्यालय दुई हजारको दरले उपलब्ध गराउने। | |
| पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय-२ | |
| १ | श्री अकला प्राथमिक विद्यालय, मध्यनेपाल ६ |
| २ | श्री विन्देश्वरी प्राथमिक विद्यालय, मध्यनेपाल ८ |
| सामुदायिक विद्यालयमा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग ( कम्प्यूटर,इन्टरनेट,कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान-४ | |
| १ | श्री कल्याण माध्यमिक विद्यालय, मध्यनेपाल ९ |
| २ | श्री इशानेश्वर माध्यमिक विद्यालय, मध्यनेपाल ६ |
| ३ | श्री सूर्यज्योति माध्यमिक विद्यालय, मध्यनेपाल १ |
| ४ | श्री भैरवकाली माध्यमिक विद्यालय, मध्यनेपाल ४ |
| माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय) का लागि अनुदान-१ | |
| १ | श्री कुसुमाकर माध्यमिक विद्यालय, मध्यनेपाल ७ |

| | |
|---|---|
| नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान रु ५० लाख श्री मङ्गला माध्यमिक विद्यालय, मध्यनेपाल -३ लाई उपलब्ध गराउने । |
| नमूना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान रू २ लाख श्री मङ्गला माध्यमिक विद्यालय, मध्यनेपाल -३ लाई उपलब्ध गराउने । |

२. सूचीकृत बेरोजगारहरूको विवरण सम्बन्धमा ।

निर्णयनं २:

आ.ब. २०७७/७८ मानगरपालिकाका सम्पूर्ण वडाहरूबाटसूचीकृत हुन आएका जम्मा बेरोजगारहरूको विवरण इ. एम.आई. एस. प्रणालीमा जम्मा १०८१ को वडागत सूचीकृत विवरण देहायअनुसार प्रमाणित गर्न निर्णय गरियो ।

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ५७ | ५७ | ११४ |
| २ | ७३ | ५५ | १२८ |
| ३ | ५४ | ३१ | ८५ |
| ४ | ९५ | १३१ | २२६ |
| ५ | ४१ | ७ | ४८ |
| ६ | २२ | ९२ | ११४ |
| ७ | ७२ | ७७ | १४९ |
| ८ | २५ | १० | ३५ |
| ९ | ७१ | ५१ | १२२ |
| १० | ४८ | १२ | ६० |
| जम्मा | ५५८ | ५२३ | १०८१ |

३. बाख्राको पकेट क्षेत्र निर्धारण सम्बन्धमा

निर्णय नं ३:

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको परियोजना कार्यान्वयन म्यानुअलअनुसार कार्यक्रम छनोट प्राविधिक समितिको प्रतिवेदनबमोजिम मध्यनेपाल नगरपालिका वडा नं १० मा रहेको श्री मालिका परिश्रमिक कृषक समूहलाई उक्त बाख्रा पकेट कार्यक्रम सञ्चालन गर्न दिने निर्णय गरियो ।

४. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

निर्णयनं ४:

देहायका करार कर्मचारीहरूको करार अवधि २०७७ माघ १ गतेदेखि २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो । साथै सि.नं. १२ र १३ मा रहेका करार कर्मचारीको म्याद २०७७ मङ्सिर १ गतेदेखि थप हुने निर्णय गरियो ।

| सि. नं. | नाम थर | पद | नियुक्तिको प्रकार | कार्यरत स्थान |
|---|---|---|---|---|
| १ | विपिन अधिकारी | कृषि अधिकृत | सेवा करार | कृषि शाखा नगरपालिका |
| २ | उत्तम सुवेदी | इन्जिनियर | सेवा करार | नगरपालिका |
| ३ | आकाश गुरूङ | सुचना प्रविधि अधिकृत | सेवा करार | नगरपालिका |
| ४ | राधा ढकाल | रोजगार संयोजक | सेवा करार | रोजगार सेवा केन्द्र |
| ५ | सुबन श्रेष्ठ | प्राविधिक सहायक | सेवा करार | रोजगार सेवा केन्द्र |
| ६ | अनिता न्यौपाने | हे.अ | सेवा करार | शहरी स्वास्थ्य केन्द्र, पुरन्डी |
| ७ | अविरल श्रेष्ठ | हे.अ | सेवा करार | सूर्यपाल स्वास्थ्य चौकी |
| ८ | विन्दु दुरा | हे.अ | सेवा करार | समिभञ्याङ स्वास्थ्य चौकी |
| ९ | संगीता खनाल | हे.अ | सेवा करार | टक्सार स्वास्थ्य चौकी |
| १० | राजिव वाग्ले | अ.सब.इन्जिनियर | सेवा करार | वडा नं. २ |
| ११ | संजय पौडेल | कम्प्युटर अपरेटर | सेवा करार | नगरपालिका |
| १२ | प्रकाश खनाल | एम.आइ.एस.अपरेटर | सेवा करार | नगरपालिका |
| १३ | सन्तोष बगाले | फिल्ड सहायक | सेवा करार | नगरपालिका |
| १४ | दिपेन्द्र पौडेल | ना.प.स्वा.प्र | सेवा करार | पशु शाखा नगरपालिका |
| १५ | अमृत अधिकारी | ना.प.से.प्रा. | सेवा करार | वडा नं. ७ |
| १६ | दिपकबाबु रेग्मी | ना.प.स्वा.प्रा. | सेवा करार | वडा नं. ४ |
| १७ | बसन्ता पौडेल | ना.प्रा.स. | सेवा करार | कृषि शाखा नगरपालिका |
| १८ | घनश्याम घिमिरे | अ.हे.व | सेवा करार | बांग्रे स्वास्थ्य चौकी |
| १९ | अन्जना पुरी | अ.हे.व | सेवा करार | जिता स्वास्थ्य चौकी |
| २० | प्रितिमा क्षेष्ठ | अ.हे.व | सेवा करार | रम्घा स्वास्थ्य चौकी |

| | | | | |
|---|---|---|---|---|
| २१ | सविता घिमिरे | अ.हे.व | सेवा करार | करापु स्वास्थ्य चौकी |
| २२ | अनिसा वि.क. | अ.हे.व | सेवा करार | जिता स्वास्थ्य चौकी |
| २३ | चिजामाया गरुङ | अ.हे.व | सेवा करार | बाग्रे स्वास्थ्य चौकी |
| २४ | मुना माझी | अ.हे.व | सेवा करार | करापु स्वास्थ्य चौकी |
| २५ | सोमाया गुरूङ | अ.हे.व | सेवा करार | समिभञ्याङ स्वास्थ्य चौकी |
| २६ | अमृता क्षेष्ठ | अ.हे.व | सेवा करार | रम्घा स्वास्थ्य चौकी |
| २७ | रविन्द्र थापा | अ.हे.व | सेवा करार | नेटा स्वास्थ्य चौकी |
| २८ | शिव राज पौडेल | अ.हे.व | सेवा करार | करापु स्वास्थ्य चौकी |
| २९ | सावित्री थापा | अ.न.मी | सेवा करार | जीता स्वास्थ्य चौकी |
| ३० | अस्मिता कार्की | अ.न.मी | सेवा करार | भोर्लेटार स्वास्थ्य चौकी |
| ३१ | मुना अचाजु | अ.न.मी | सेवा करार | रम्घा स्वास्थ्य चौकी |
| ३२ | सुनिता गुरुङ | अ.न.मी | सेवा करार | रम्घा स्वास्थ्य चौकी |
| ३३ | सुनिता वि.क. | अ.न.मी | सेवा करार | बाग्रें स्वास्थ्य चौकी |
| ३४ | लुचन गुरुङ | अ.न.मी | सेवा करार | करापु स्वास्थ्य चौकी |
| ३५ | सावना गुरूङ | अ.न.मी | सेवा करार | टक्सार स्वास्थ्य चौकी |
| ३६ | रविना पौडेल | अ.न.मी | सेवा करार | रम्घा स्वास्थ्य चौकी |
| ३७ | मनिषा दुरा | ल्याब असिष्टेन्ट | सेवा करार | भोर्लेटार स्वास्थ्य चौकी |
| ३८ | तारा गुरूङ | ल्याब असिष्टेन्ट | सेवा करार | चिसंखु स्वास्थ्य चौकी |
| ३९ | श्रृजना प्रधान | ल्याब असिष्टेन्ट | सेवा करार | रम्घा स्वास्थ्य चौकी |
| ४० | सरिता गुरूङ | नेत्र सहायक | सेवा करार | भोर्लेटार स्वास्थ्य चौकी |
| ४१ | सुशिल शाही | हलुका सवारी चालक | सेवा करार | नगरपालिका |
| ४२ | मन बहादुर नेपाली | ह.स.चा | सेवा करार | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| ४३ | विकास वि.क | सामाजिक परिचालक | सेवा करार | पशु शाखा नगरपालिका |
| ४४ | सुनिता कुमारी यादव | अभयङ्गकर्ता | सेवा करार | आयुर्वेद औषधालय, सोतीपसल |
| ४५ | उदय गुरूङ | का.स | सेवा करार | नगरपालिका |
| ४६ | कुल बहादुर रानाभाट | का.स | सेवा करार | नगरपालिका |
| ४७ | पदम बहादुर रानाभाट | का.स | सेवा करार | नगरपालिका |
| ४८ | चिजाँमाया खवास | का.स | सेवा करार | १ नं. वडा कार्यालय |
| ४९ | नारान बहादुर गुरूङ | का.स | सेवा करार | २ नं. वडा कार्यालय |
| ५० | जुना थापा | का.स | सेवा करार | ३ नं. वडा कार्यालय |
| ५१ | बाबुराम कुमाल | का.स | सेवा करार | ४ नं. वडा कार्यालय |
| ५२ | किशोर जशी | का.स | सेवा करार | ५ नं. वडा कार्यालय |
| ५३ | माँया देवी नेपाली | का.स | सेवा करार | ६ नं. वडा कार्यालय |
| ५४ | बालकृष्ण क्षेष्ठ | का.स | सेवा करार | ७ नं. वडा कार्यालय |
| ५५ | कुल बहादुर गुरूङ | का.स | सेवा करार | ८ नं. वडा कार्यालय |
| ५६ | चुडा बहादुर रानाभाट | का.स | सेवा करार | ९ नं. वडा कार्यालय |
| ५७ | दिपक घर्ती | का.स | सेवा करार | १० नं. वडा कार्यालय |
| ५८ | मेलिना कुमाल | का.स | सेवा करार | रम्घा स्वास्थ्य चौकी |
| ५९ | देवकला क्षेष्ठ | का.स | सेवा करार | समिभञ्याङ स्वास्थ्य चौकी |
| ६० | विनोद ढकाल | का.स | सेवा करार | बाग्मे स्वास्थ्य चौकी |
| ६१ | सरिता अछामी | का.स | सेवा करार | नेटा स्वास्थ्य चौकी |
| ६२ | गम बहादुर गुरङ | का.स | सेवा करार | करापु स्वास्थ्य चौकी |
| ६३ | सुरेन्द्र राज पौडेल | का.स | सेवा करार | नगरपालिका स्वास्थ्य शाखा |

| | | | | |
|---|---|---|---|---|
| ६४ | खेम बहादुर रानाभाट | का.स | सेवा करार | शहरी स्वास्थ्य केन्द्र, बाङ्ग्रे |
| ६५ | तिलकराम क्षेत्री | का.स | सेवा करार | सूर्यपाल स्वास्थ्य चौकी |
| ६६ | चन्द्रावती न्यौपाने | का.स | सेवा करार | नगरपालिका |
| ६७ | सुनिता गुरूङ | का.स | सेवा करार | नगरपालिका |
| ६८ | मणिराम पोखेल | खा.प.स.टे | अस्थायी | नगरपालिका |

५. कोभिड-१९ खोप व्यवस्थित गर्ने सम्बन्धमा।

निर्णयनं ५:

कोभिड-१९ खोपलाई व्यवस्थित वनाउन तथा सोको अनुगमनका लागि नगरस्तरीय खोप समन्वय समिति र वडास्तरीय समन्वय समितिलाई खोप अभियानमा परिचालन गर्ने निर्णय गरियो । साथैनगरप्रमुख श्री रमेशकुमार पाण्डेको संयोजकत्वमा देहायबमोजिमको सदस्यहरू रहेको नगरस्तरीय खोप समन्वय समिति गठन गर्ने निर्णय गरियो।

सदस्य - श्री राजकुमार श्रेष्ठ (नगरउपप्रमुख)

सदस्य – श्री चिरञ्जीवी पौडेल (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य –वडा नं १ देखि १० सम्मका सबै वडा अध्यक्षहरू

सदस्य –नगरपालिकाका स्वास्थ्य संस्था प्रमुख सबै

सदस्य –श्री बोधराज रेग्मी (इलाका प्रहरी कार्यालय प्रमुख भोर्लेटार)

सदस्य –कृषि शाखा र पुश सेवा शाखाका प्रमुखहरू

सदस्य – श्री शंकर विष्ट (विद्यलाय व्यवस्थापन समितिको अध्यक्ष)

सदस्य – श्रीविष्णुप्रभा सोती(महिला स्वास्थ्य स्वयम सेविका)

सदस्य – श्री इन्दिरा पोख्रेल(महिला तथा बालवालिका शाखा प्रमुख)

सदस्य – श्री राजु चन्द(क्षितिज युवा क्लवका अध्यक्ष)

सदस्य – श्री विष्णुहरि वास्तोला(प्रधानाध्यापक, श्री मङ्गला मा.वि.)

सदस्य सचिव – श्री सूयप्रसाद पौडेल (स्वास्थ्य शाखा संयोजक)

६. जिल्ला प्रशासन कार्यालय लमजुङको परिसरमा निर्मित पालिका स्तम्भ पार्क निर्माणको खर्च भुक्तानी सम्बन्धमा।

निर्णय नं ६:

मध्यनेपाल नगरपालिकाका नगर प्रमुख र जिल्ला प्रशासन कार्यालय लमजुङका प्रमुख जिल्ला अधिकारी बिच २०७७।६।५ मा भएको सम्झौताअनुसार जिल्ला प्रशासन कार्यालय परिसरमा पालिका

स्तम्भ पार्क निर्माणमा खर्च भएको जम्मा रू१,९६,०५५/- नगरप्रमुख आर्थिक सहयोग कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो।

७. मध्यपहाडी लोकमार्गको निर्माण व्यवसायीबाट स्थापित क्रसर प्लान्टलाई नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा।

निर्णयनं ७ :

क) यस नगरपालिका अन्तर्गत वडा नं १०,९,६र ७ भएर जाने मध्यपहाडी लोकमार्ग निर्माणाधिन अवस्थामा रहेकोले उक्त योजनाको थाक्ले – रातामाटा तथा रातामाटा मादीपुल खण्डको लागि ठेक्कामा व्यवस्था भएबमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा प्रशोधनको लागि यस नगरपालिकाको बाङ्ग्रेवेसीमा स्थापना गरिएको क्रसर प्लान्टसाथै निर्माणाधिन राष्ट्रिय गौरबको आयोजना, नगरस्तरीय आयोजना, प्रदेशस्तरीय आयोजना तथा अन्य प्रयोजनसमेतका लागि आवश्यक पर्ने कच्चा पदार्थ (ढुङ्गा,रोडा,बालुवा, चोकर आदि)प्रति घनमिटर रू२८० का दरलेआ.ब. २०७७/७८ को स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनअनुसार मिदिम खोला स्थित (देउराली खोलाबाट नाल्मा फेदीसम्मको) खण्डबाट प्रतिवदेनमा उल्लेखित परिमाण १३ हजार ३ सय घनमिटर नबढ्ने गरी आवश्यकताअनुसार मेसीनकोसमेत प्रयोग गरी नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा सङ्कलित नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो । साथै राजश्व सङ्कलन कार्यका लागि यसनगरपालिकाले आ.ब.२०७६/७७ मा सो प्रयोजनका लागि तोकेको कर्मचारी श्री विनोद गुरुङलाई साविककै सेवा सुविधा उपलब्ध गराउने गरीखटाउने निर्णय गरियो।

ख) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनबाट स्वीकृत भई ठेक्का लाग्न नसकेका देहायका घाटहरूबाट नदीजन्य पदार्थ उत्खनन् ,सङ्कलन तथा निकासी गर्न इच्छुक ट्याक्टर व्यवसायीबाट प्रति ट्याक्टर रू एक लाखका दरले राजश्व सङ्कलन गरी ४५(पैंतालिस) दिनका लागि नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति दिने निर्णय गरियो। साथै उत्खनन् भएको सामग्रीहरू नदी किनारा, सार्वजनिक जग्गा आदिमा घाटगद्दी गर्न नपाउने गरी घाटहरू खुला गर्ने निर्णय गरियो।

१. मिदिम खोलास्थित झोलुङ्गे पुलबाट देउराली खोलासम्मको खण्ड।

२.मादी नदीस्थित सिसाखोला घाट खण्ड।

८. योजनाको रकमान्तर सम्बन्धमा

निर्णयनं ८ :

नगरसभाबाट विनियोजित तपसिलका योजनाहरूको रकमलाई देहायका योजनाहरूमा रकमान्तर तथा नाम संशोधन गर्ने निर्णय गरियो।

क) क्र.सं.११८ को वडा नं ९ बाङ्ग्रेस्थित पिस्तीखोला-नौविसेबाटकुन्छाली चौतारासम्मको सिंढी मर्मततर्फ विनियोजित रु २ लाखलाई सोही वडाको नौविसे कुलो मर्मततर्फ रकमान्तर गर्ने।

ख) क्र. सं. १०२ को वडा नं ९ बाङ्ग्रेस्थित खलकछाप आमा समूह भवन व्यवस्थापनतर्फको रू१लाख ५० हजारलाई सोही वडाको थपुवाबाट लामा गाम- दुवारे गाउँ हुँदै कुन्छाली चौतारासम्मको शाखा बाटो निर्माणतर्फ रकमान्तर गर्ने।

ग) क्र. सं.३८ को वडा नं ६ स्थित मिलनटोल धारे ढुङ्गा मोटर बाटोतर्फको रु ५ लाखलाई सोहीस्थानको मिलनटोल धारे ढुङ्गा पैदल मार्गमा रकमान्तर गर्ने र क्र.सं. ९२ मा रहेकोभोर्ले अकला मन्दिर जाने पैदल मार्ग निर्माणलाई नाम संशोधन गरी फोहरमैला व्यवस्थापन मध्यनेपाल ६ बनाउने।

घ) वडा नं १ को क्र.सं ४ मा रहेको जीता स्वास्थ्य चौकी मर्मत (पानीवत्ती) लाई जीता स्वास्थ्य चौकी मर्मत तथा कार्यालय व्यवस्थापन खर्चमा नाम संशोधन गर्ने।

ङ) वडा नं १० को क्र.सं ६७ मा रहेको सिपमूलक कार्यक्रमको रू एक लाखलाई सोही वडामा रहेको हाँडीखोला खरबारी गाउँ मोटरबाटो मर्मतमा खर्च गर्न नाम संशोधन गर्ने।

च) सामाजिक विकासतर्फ मध्यनेपाल १ मा कार्यान्वयन हुने क्र.सं ६ मा रहेको महिला सशक्तीकरण र सहकारी बजारीकरणलाई श्री सप्तधारा सामाजिक उद्यमी महिला सहकारी संस्था भवन निर्माणमा नाम संशोधन गर्ने।

९. योजना सम्झौताको समयावधि सम्बन्धमा।

निर्णयनं ९ :

मिति २०७७।४।२२ को नगरकार्यपालिकाको वैठकले चालु आ.ब. को योजनाहरूको सम्झौता गर्ने म्याद २०७७ माघ मसान्तसम्म तोकेकोमा हालसम्म करिब २० प्रतिशत योजनाहरूको मात्र सम्झौता भएकोले योजना सम्झौता गर्ने म्याद २०७७ फागुन मसान्तसम्म कायम गर्ने निर्णय गरियो।

१०. संघ संस्थाको सामुदायिक भवन निर्माणस्थल सम्बन्धमा।

निर्णयनं १०:

नगरपालिका भित्रका संघ संस्था तथा संगठित समूहहरूको आफ्नो नामको जग्गा नभई सार्वजनिक जग्गामा संरचना निर्माण भएको वा निर्माणाधिन अवस्थामा रहेकात्यस्ता संघ संस्था वा संगठिन समूहहरूलाई आ.ब. २०७७/७८ मा प्रदान गरिएको योजना सम्झौताको लागि सम्बन्धित वडाबाट सोही ब्यहोरा खुलेको सिफारिस भई आएको अवस्थामा मात्र र नयाँ संरचना निर्माणको हकमा सम्बन्धित संघ संस्था तथा संगठित समूहहरूको नाम रहेको जग्गाधनी पूर्जाको समेतको आधारमा योजना सम्झौता गर्ने निर्णय गरियो।

११. करार पदपूर्ति सम्बन्धमा।

निर्णय नं ११ :

नगरकार्यपालिकाको कार्यालय वा अन्तर्गत रिक्त देहायका पदमा पदपूर्ति गर्नका लागि आवश्यक प्रक्रिया अगाडि वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

क) जिता स्वास्थ्य चौकीमा रिक्त हेल्थ असिस्टेन्ट एक

ख) कार्यालय सहयोगी श्री राजेन्द्र रेग्मीको अनिवार्य अवकासपछि रिक्त कार्यालय सहयोगी एक

ग) कार्यालय सहयोगी श्री समीक्षा गुरूङले छोडी रिक्त कार्यालय सहयोगी एक

घ) मध्यनेपाल न.पा.२ मा रहेको आर्युबेद औषधालयमा रिक्त चौथो तह वैद्य १ जना

१२. शहरी स्वास्थ्य केन्द्र सम्बन्धमा।

निर्यणनं १२:

नगरपालिकाको वडा नं ४ मा रहेको न्यौपानेवेंसीमा २०७७ फागुन १ गतेदेखि शहरी स्वास्थ्य केन्द्र सन्चालन गर्ने निर्णय गरियो।

१३. विद्यार्थी पोशाक वितरण सम्बन्धमा।

निर्णयनं १३:

नगरपालिकाका सामुदायिक विद्यालयहरूमा अध्ययनरत गरिब तथा आर्थिक रूपमा विपन्न र दलित बालबालिकाहरूलाई नगरप्रमुख आर्थिक सहयोग कार्यक्रमबाट रू एक लाख बराबरको पोशाक नगरप्रमुखले तोकेको विद्यालयका विद्यार्थीहरूलाई प्रदान गर्ने निर्णय गरियो।

१४. आरन सुधार कार्यक्रम सम्बन्धमा।

निर्णयनं १४:

नगरपालिका भित्र परम्परागत रूपमा आरन सन्चालन गर्दै आएका दलितहरूका लागि आरन सुधार गरी व्यावसायिक वन्नका लागिनगरप्रमुखले तोकेको व्यक्तिहरूलाई आरन सुधारका लागिनगर प्रमुख आर्थिक सहयोग कार्यक्रमबाट जम्मा रू एक लाख रकमउपलब्ध गराउने निर्णय गरियो।

१५. वडा कार्यालय व्यवस्थापन खर्च सम्बन्धमा।

निर्णय नं १५:

नगरपालिका भित्रका वडा कार्यालयहरू व्यवस्थापनका लागि मासिक रूपमा प्रदान गरिंदै आएको व्यवस्थापन रकमलाई वडा अध्यक्षको सिफारिसमा मात्र उपलब्ध गराउने निर्णय गरियो।

१६. आय व्यय विवरण सम्बन्धमा।

निर्णय नं १६:

नगरपालिकाको बार्षिक कार्यक्रम तथा वजेट परिचालन र खर्चलाई प्रभावकारी, मितव्ययी बनाउन प्रत्येक कार्यपालिकाको वैठकमा मासिक आय तथा शीर्षकगत खर्च विवरण आर्थिक प्रशासन शाखाले प्रमुख प्रशासकीय अधिकृतमार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो।

१७. नगरपालिकाको आबधिक योजना निर्माणका लागि प्रदेश सरकारबाट रु.५ लाख प्राप्त हुने आश्वासन आएको र सो कार्य संपन्न गर्न नगरपालिकाको तर्फबाट उपलब्ध गराउने रकम नगर प्रमुखको निर्णयबाट लेखा शाखाको परामर्शमा आबस्यक रकम छुट्टाउने निर्णय गरियो।

१८. यस नगरपालिकाका वडा नं. ५ का वडा अध्यक्ष एवं नगरकार्यापालिकाका सदस्य श्री बाल कुमार जोशीज्यूको ममतामयी आमा गौरीमाया जोशीको मिति २०७७।१०।१५ गते ८९ बर्षको उमेरमा असामायिक निधन भएकोले वहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक संतप्त परिवारजनमा इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौ।